# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्रशासन शाखा

प.स. :- २०८१/०८२
च.नं. :-

ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल


## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**चौथो पटक प्रकाशित मिति २०८१/१२/०४**

प्रस्तुत विषयमा यस ऐसेलुखर्क गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिबाट ५ दिनभित्र आवश्यक कागजातहरु पेश गरी आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| ०२/२०८१/०८२ | अपाङ्गता सहायता सहजकर्ता | श्रेणी विहिन | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

- ❖ मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने।
- ❖ आवेदन दिने व्यक्ति अपाङ्गता सम्बन्धी परिचय पत्र प्राप्त भएको हुनुपर्ने।
- ❖ दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
- ❖ नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको।

**२. दरखास्त दिने स्थान र समयः** प्रशासन शाखा, ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय वा ईमेल मार्फत दरखास्त पेश गर्दा इमेल ठेगाना (info@aiselukharkamun.gov.np) मा पठाउनु पर्नेछ।

**३. दरखास्त दिने अन्तिम मितिः**-२०८१/१२/०८ गते कार्यालय समय भित्र ।(दरखास्त पेश गर्नुपर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलीपल्ट सम्म दरखास्त पेश गर्नु पर्नेछ।

**४. दरखास्त दस्तुरः** रु. ३००/- ऐसेलुखर्क गाउँपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक ऐसेलुखर्क शाखामा रहेको आन्तरिक राजश्व खातामा SUTRA RMM Module बाट राजश्व शीर्षक नं. १४२२४ (परीक्षा दस्तुर) मा नगद जम्मा गरी सक्कलै भौचर पेश गर्ने।

**५. छनौटको किसिमः** १. प्रत्यक्ष मौखिक अन्तर्वार्ता २. विविध पक्षको मूल्याङ्कनः- (क) स्थानीयता वापत (ख) अपाङ्गता सम्बन्धित कार्य अनुभव वापत (ग) संकेतिक भाषाको तालिम तथा दोभाषेको कार्य अनभव वापत (घ) कम्प्युटर आधरभूत तालिम अनुभव वापत ।

**६. संलग्न गर्नुपर्ने कागजातहरुः**

- ❖ नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- ❖ न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि।
- ❖ चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
- ❖ अपाङ्गता परिचयपत्रको प्रतिलिपि।
- ❖ अपाङ्गता सम्बन्धी अनुभव भए सो प्रमाणपत्रको प्रतिलिपि।
- ❖ कम्प्युटर सम्बन्धी आधारभूत तालिम लिएको भए सो को प्रतिलिपि।
- ❖ हालसालै खिचिएको २ प्रति पासपोर्ट साइजको फोटो।
- ❖ सांकेतिक भाषाको तालिम तथा दोभाषेको कार्यानुभव भए सो को अनुभव प्रमाणपत्रको प्रतिलिपि।

(अन्तर्वार्तामा उपस्थित हुँदा सक्कल कागजात लिएर उपस्थित हुनुपर्नेछ।।)

**७. पाठ्यक्रमः** समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनौट सम्बन्धी मार्गदर्शन, २०८० बमोजिम हुनेछ।

**८. करार सेवा अवाधिः** प्रदेश सरकार, स्थानीय सरकार तथा करुणा फाउण्डेसनको त्रिपक्षिय साझेदारीको समयावधि सकिए पश्चात करार समय अवधि स्वतः समाप्त हुनेछ।

**९. सेवा तथा सुविधाः** ऐसेलुखर्क गाउँपालिका गाउँ कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

**नोटः** गाउँपालिकाले तोकेको करार सेवाको दरखास्त फारम भरी तोकिएको मितिमा बुझाउनु पर्नेछ। फारम कार्यालयको website मा रहेको छ।

२०८१/१२/०४

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत


☎ ०३६-४११९०३ ☎ ०३६-४११९०४ ☎ अध्यक्ष ९८५२८४९६८५ ☎ उपाध्यक्ष ९८५२८४९६८६
☎ प्रमुख प्रशासकीय अधिकृत ९८५२८४९७१३ ☎ आर्थिक प्रशासन शाखा ९८५२८४९०९२ ☎ सूचना अधिकारी ९८५१२७८३४४
E-mail :info@aiselukharkamun.gov.np
Website:www.aiselukharkamun.gov.np